# आ.व २०७७/७७८ को समग्र कार्यसम्पादनको स्थीति प्रतिवेदन

# (STATUS REPORT)।



## सघींय सरकार, प्रदेशिक सरकार तथा नगरपालिकावाट सम्पादन भएका कार्यक्रमहरूको स्थीति प्रतिवेदन २०७८

रोल्पा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

## शिक्षा, युवा तथा खेलकुद शाखा

लुम्बिनी प्रदेश, नेपाल

# हाम्रो भनाइ

रोल्पा नगरपालिका लुम्विनी प्रदेश अन्तर्गत पर्ने पहाडी क्षेत्रमा अवस्थित नगरपालिका हो । रोल्पा जिल्लाका दश वटा स्थानीय तहहरुमध्येको एकमात्र नगरपालिका रोल्पा नगरपालिका भर्खर मात्र विकास र समृद्धिको दिशामा अग्रसर हुदै आइरहेको छ । दशवटा वडाहरुमा विभक्त यस नगरपालिकाको क्षेत्रफल २७०.४२ वर्ग कि.मि र जनसख्या ३२,७५९ रहेको छ । मगर जनजातिहरुको उल्लेख्य बाहुल्यता रहेको यस नगरपालिकामा गुरुड, बाह्मण, क्षेत्री ,दशनामी, दलितहरुको समेत म्रिश्रित समाजिक बनौट रहेको पाइन्छ । साविकको जिल्ला सदरमुकाम व्यपारिक केन्द्रको रुपमा समेत अवस्थित रोल्पा नगरपालिको जटिल भू बनौट, भारतकेन्दित बैदेशिक रोजगारी, शिक्षा र चेतनाको कमी, परम्परागत कृषि प्रणालीमा अत्याधिक निर्भरताका कारण समग्र मानविय विकासका परिसूचकहरु कमजोर अवस्थामा रहेका पाइन्छन । नेपालको संविधानले प्रत्येक नागरिकलाई शिक्षाको मौलिक हकको प्रत्याभूत गरेको छ । शिक्षा प्राप्त गर्न पाउनु नागरिकको मौलिक अधिकार र गुणस्तरीय शिक्षाको व्यवस्था गर्नु सरकारको दायित्व हो । समाज परिवर्तनको बाहक शक्ति शिक्षालाई समयसापेक्ष, बैज्ञानिक, व्यवसायिक, सीप र रोजगारमूलक बनाउदै समाजवाद उन्मूख राष्ट्र निर्माणको लागि बलियो आधारको रुपमा तयार गर्नुपर्ने बेला भएको छ । स्थानीय सरकार गठन पश्चात भौतिक क्षेत्रमा देखिने प्रगतिहरु भएको अनुभूति भएको छ अवका हाम्रा प्राथमिकताहरु शिक्षा, स्वास्थ्यको प्रत्याभूभिवाट नगरवासीहरुको गुणस्तरीय जीवनका सुनिश्चितता नै हो । हाम्रा प्रयासहरु त्यसतर्फ केन्द्रित हुदै गएका छन । जम्मा ६६ वटा सामुदायिक र ७ वटा संस्थागत विद्यालयहरु रहेको यस नगरपालिकामा अन्य पालिकाका १४ प्रतिशत सहित झण्डै साढे वाह्र हजार विद्यार्थीहरु अध्ययनरत रहेका छन ।

रोल्पा नगरपालिकालाई उत्कृष्ट “शैक्षिक हव” बनाउने चुनावी घोषणापत्रलाई कार्यरुप दिन, नगरसभाले पारित गरेका शिक्षाको नीतिका आधारमा शिक्षा क्षेत्रका सरोकारवालाहरुको प्रत्यक्ष सहभागितामा पाँच बार्षिय नगर शिक्षा योजना तर्जुमा गरिएको छ । विद्यालय तहका नियमित शैक्षिक कार्यक्रमका अतिरिक्त निरन्तर शिक्षा, विशेष शिक्षा, प्राविधिक शिक्षालय, कृषि क्याम्पस, शिक्षाका अन्तरसम्वन्धित मुद्धाहरु, विपद् व्यवस्थापन सँगै समग्र शिक्षाको सुशासन र व्यवस्थापनका पाटोलाई समेटेर तयार पारिएको योजनाका आधारमा रोल्पा नगरपालिकाका सम्रग शैक्षिक गतिविधिहरु अगाडि बढिरहेका छन ।

अवको शिक्षाले व्यक्तिलाई ज्ञान (Knowledge) मात्र नभएर सीप (Skill) सिकाउन सकेमा सीपयुक्त व्यक्ति श्रमवजारमा सहजै काम पाउने, रोजागारी सृजना हुने, आयआर्जन र आम्दानीको बढोत्तरी भई हामीले कल्पना गरेको समृद्ध र समुन्नत समाजको ढोका खुल्ने भएकोले विश्वव्यापी रुपमा उठाइएको जीवनोपयोगी सीपहरु ( Basic Life Skill), एआई (Artificial intelligence) , STEAMका अलवा रोल्पा क्षेत्रका परम्परागत, मौलिक ज्ञान, सीप, सस्कृति र सभ्यताका असल पक्षहरुलाई संरक्षण, संर्वद्धन गर्दै नयाँ पुस्तामा हस्तान्तरणका माध्यमले शिक्षित, सुसस्कृत र समृद्ध रोल्पा नगरपालिका बनाउने पवित्र सोच कार्यन्यन मै आ.व २०७७/०७८ का कार्यक्रमहरु केन्द्रित रहेका छन । सघींय, पदेशिक तथा स्थानीय सरकारको संयुक्त प्रयासवाट गत बर्ष भएगरेका कार्यहरुलाई स्थिति प्रतिवेदन मार्फत झल्काइएको छ । कार्यक्रम कार्यन्वयन देखि प्रतिवेदन तयारीसम्म खटिनुहुने शिक्षा, युवा तथा खेलकुद शाखा र कर्मचारीहरुलाई हार्दिक धन्यवाद व्यक्त गर्न चाहान्छु ।

महेन्द्र पराजुली

नगर शिक्षा अधिकारी
(उपसचिव)

# कार्यकारी सारांश

- नेपालको संविधानले तीन तहको साशकिय व्यवस्था, तीनै तहका सरकारहरुकावीचमा समन्वय, सहकार्य र सहअस्थित्वका आधारमा मुलुकमा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा राखेको छ । संविधानको अनुसूचि ८ मा आधारभूत तथा माध्यमिक तहसम्मको शिक्षाको अधिकार स्थानीय सरकारलाई तोकिएको छ । स्थानीय सरकार सञ्चाालन ऐन २०७४ ले स्थानीय तहलाई प्राप्त शिक्षा सम्वन्धी अधिकारलाई नीति निर्माण, मापदण्ड तयार, सञ्चालन, व्यवस्थापन र नियमनका क्षेत्रमा जवाफदेहि बनाउदै शैक्षिक सुशासन कायम गर्ने उद्धेश्य राखेको छ ।
- आ.व २०७७०७८ मा सघींय सरकारतर्फवाट माध्यमिक तथा आधारभूत तहका शिक्षक तलव भत्ता, विद्यालय क्षेत्र विकास कार्यक्रम तर्फका विभिन्न उपशिर्षकहरुमा कुल जम्मा रु १९,३१,५४,००० विनियोजन भएकोमा रु १९,०५,३२,००० खर्च भएको छ । वित्तिय प्रगति ९९ प्रतिशत हासिल भएको छ । विशेष अनुदान अन्तर्गत विद्यालय भौतिक सुविधा विस्तार अन्तर्गत ३ वटा विद्यालयलाई रु १,५०,००,००० प्राप्त भएकोमा कार्यसम्पन भएको अवस्था छ । विशेष अनुदान तर्फको वित्तिय प्रगती ८५ प्रतिशत र भौतिक प्रगति सतप्रतिशत रहेको छ ।
- लुम्विनी प्रदेश सरकारवाट नेपाल मावि कोटगाउलाई प्रदेशिक नमूना विद्यालयमा छनौट तथा विकासको कार्यक्रम अघि वढिरहेको छ । शौचालय निर्माण, मर्मत, बाढी प्रभावित विद्यालयहरुको पुर्ननिर्माण विशेष कक्षा सञ्चालित विद्यालयहरुलाई अनुदान जस्ता क्षेत्रमा प्रदेश सरकारका कार्यक्रमहरु केन्द्रित रहेका छन ।
- स्थानीय सरकारको न्यून आन्तरीक आयका वावजुत पनि शिक्षालाई उच्च प्राथमिकतामा राखिएको छ । शिक्षा क्षेत्र विकासको लागि १० बर्षे शिक्षा क्षेत्र विकास योजना तथा ५ बर्षे नगर शिक्षा योजना तयार पारिएको छ । सोहि दस्तावेज बमोजिम प्रतिबर्ष १०० जना विद्यार्थीहरुका लागि निःशुल्क प्राविधिक शिक्षा छात्रवृत्ति कार्यक्रम(४५ लाख) सुन्य दरवन्दी भएका विद्यालयहरुका लागि स्यंमसेवक शिक्षक अनुदान (४३ लाख ५१ ह्जार), विद्यालयमा सूचना तथा सञ्चार प्रविधिका लागि जोडकोषमा आधारित ( ७५५ ) अनुदानका कार्यक्रम, स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन का अतिरिक्त विद्यार्थीहरुको उपलव्धि परीक्षण, शिक्षक क्षमता विकासका माध्यमले गुणस्तरीय शिक्षा प्रदान गर्ने दिशामा बार्षिक १ करोड ४५ लाख नगरपालिकाको तर्फवाट खर्च गरिएको छ ।
- मुख्य मन्त्री ग्रामिण विकास कार्यक्रम वाट प्रत्येक वडाका एक एकवाट बालविकास केन्द्रलाई नमूना बनाउने गरी शैक्षिक सामग्री वितरण तथा कक्षाकोठा व्यवस्थापनको लागि अुनदान उपलव्ध गराइएको छ । बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत ६६ वटै विद्यालयका दिवा खाजा व्यवस्थापकहरुका लाीग ३ दिने पोषण, स्वास्थ्य र सरसफाई सम्वन्धि क्षमता विकास कार्यक्रम सञ्चालन गरिएको छ ।
- विद्यालय शिक्षामा समतामूलक पहुँच, टिकाउ दरमा बृद्धि, भौतिक पूर्वाधारको दृष्टिले सुधारोन्मूख, विद्यालयमा सूचना प्रवृधिको विस्तार, समावेशी र समतामुलक शिक्षा, बालमैत्री विद्यालय र विद्यालय शान्ति क्षेत्र जस्ता पक्षमा उल्लेख्य प्रगति भएको पाइन्छ । यद्धपि विद्यालयमा हुने शिक्षण सिकाइको प्रभाव विद्यार्थीहरुको सिकाई (**Learning Achivement**) कमजोर देखिन्छ । मुख्य विषयहरु अग्रेजी, गणित र विज्ञान विषयमा विद्यार्थीहरुको सिकाईको स्तर ज्यादै न्यून रहेको छ । निशुल्क र अधिकारमा आधारित शिक्षा भनेपनि विद्यालय शिक्षा पूर्णरुपमा निशुल्क अझै बनाउन सकिएको छैन । नगरक्षेत्रमा

अभिभावकहरुवाट बार्षिक १ करोड ८७ लाख विभिन्न शिर्षकहरुमा अभिभावक सहयोगको नाममा विद्यालयमा उठाइएको सर्वेक्षणले देखाउछ ।

- शैक्षिक सुशासन र जवाफदेहिता पर्वद्धनलाई विशेष जोड दिइएको छ । विद्यालयहरुको विद्यालय सुधार योजना, सामाजिक परीक्षण र अन्तिम लेखापरीक्षण नियमित रुपमा सम्पन्न भएको अवस्था छ । अभिभावक, शिक्षक र विद्यार्थीहरुको वीचमा गुणस्तर सुधारका लागि छलफल, अन्तरक्रिया हुन सुरु भएका छन । नमूना विद्यालय मार्फत अन्य विद्यालयहरुलाई शैक्षिक तथा पेशागत सहायता प्रदानका कार्यहरु प्रारम्भ भएका छन ।
- सरकारका प्राथमिकता प्राप्त कार्यक्रम दिवा खाजा तर्फ प्राथमिक तहमा अध्ययनरत विद्यार्थीहरु लाभान्दित भएका छन । दिवा खाजाका लागि रु १,१०,६६,००० प्राप्त भएकोमा कोभिडका कारण तोकिएको कार्यदिन विद्यालय खुल्न नसकेको कारणले उक्त कार्यक्रमको ९२ प्रतिशत वित्तिय प्रगति हासिल भएको छ ।
- निःशुल्क छात्रवृति शिर्षकमा सवै छात्रा, गैर आवासिय अपांग र दलितहरुका लागि तोकिएवमोजिम वितरणका लागि विद्यालयहरुले भरेको तथ्यांक इमिस प्रणालीका आधारमा ३३ लाख ४४ हजार वितरण भएको अवस्था छ ।
- दरवन्दी सुन्य रहेका माध्यमिक विद्यालयहरुलाई अग्रेजी, गणित र बिज्ञान विषयका अनुदान शिक्षक व्यवस्थापनका लागि ४१ लाख रकम प्राप्त भएकोमा ५ वटा माविहरुमा न्यूनतम तीन मुख्य विषयका शिक्षक सुनिश्चितता गरिएको छ । श्री सिद्ध मावि जागतीपोखरा एसइइ परीक्षामा तीन शैक्षिक सत्र सामेल नभएकोले उक्त शिर्षकको वित्तिय प्रगति ८४ प्रतिशत र भौतिक प्रगति कमी देखिएको छ ।
- कोभिड १९ को महामारीका समयमा पनि बैकल्पिक सिकाईलाई निरन्तरता प्रदान गरिएको छ । रेडियो जलजला, मालाश्री र रोल्पावाट रेडियो शिक्षा र सघींय तथा सामान्य प्रशासन मन्त्रालयले नगरपालिकालाई उपलव्ध गराएको जुम एप्लिकेशनबाट कक्षा ९ र १० को जुम कक्षा सञ्चालन गरिएको थियो । टोल शिक्षा सञ्चालन, शिक्षा तथा मानवस्रोत विकास केन्द्रले तयार पारेका बैकल्पिक सिकाई सामग्रीहरु छपाई तथा विद्यार्थीहरुसँग पुराउने कार्यमार्फत विपद्का समयमा पनि निरन्तर शिक्षाका कार्यक्रमहरु सञ्चालन गरिएको छ । नगर क्षेत्रमा कार्यरत ५३५ जना शिक्षक कर्मचारीको कोभिड विमा गरिएकोमा ४३ जना शिक्षकहरु कोभिड प्रभावित रहनुभयो । कोभिडको आइसोलेसन व्यवस्थापन, समुदाय सचेतीकरण जस्ता कार्यहरुमा सामुदायिक विद्यालयहरु र त्यहाँ कार्यरत शिक्षकहरुको योगदान महत्वपूर्ण रह्यो ।
- शिक्षक तथा कर्मचारीहरुको सम्पूर्ण अभिलेखलाई पूर्ण डिजीटाइट गरिएको छ । बैंक मार्फत तलव भत्ता भुक्तानी गरिएको छ । शिक्षा शाखा तथा सम्पूर्ण विद्यालयहरुलाई प्रविधिमैत्री बनाउदै शैक्षिक पारदर्शीता र सुशासन कायम गर्न प्रयत्नशील रहेको छ । समूह सुपेरीवेक्षण र विषयगत सुपेरीवेक्षणका माध्यमले शिक्षकहरुको पेशागत सहयोग अभिवृद्धिका लागि रोष्टहरु तयार, विषयगत छलफल र नतिजा सुधारका कार्ययोजना तयार भएको छ ।
- ६ वटा सामुदायिक सिकाई केन्द्रहरुलाई समूह गठन, आयआर्जन, क्षमता विकासका अतिरिक्त यो बर्ष स्यानेटरी प्याड निर्माण सम्वन्धी १५ दिने सघन तालिम प्रदान गरिएको छ । नगरपालिकाभित्रका विद्यालयहरुसँग समन्वय गरी आगामी बर्षदेखि छात्राहरुले प्रयोग गर्ने स्यानेटरी प्याड सासिके मार्फत तयार गर्ने गरी तयारी भैरहेको छ । सासिके मार्फ ४३ समूह गठन र ६१ लाख भन्दा वढी वचत तथा ऋृण परिचालन भएको छ।

- नगर शिक्षा योजना, स्थानीय पाठ्यक्रम निर्माण र कार्यन्वयन, प्रधानाध्यापक र विषयगत शिक्षकहरुसँग कार्यसम्पादन करार सम्भौंता, नतिजा सुधारका लागि विषयतग समिति गठन र निरन्तर छलफलका कार्यक्रमहरु भएका छन।

- गुणस्तरीय शिक्षा प्रदायकको आधारशिलाको रुपमा मानिने सामुदायिक विद्यालयहरु न्यूनतम विषयगत शिक्षक दरवन्दीको अभाव ( प्रावि २०७, निमावि ९२, मावि ४९ उमावि तहमा ३ दरवन्दी आवश्यक रहेको स्रोत शिक्षा तथा मानव स्रोत विकास केन्द्र, दरवन्दी मिलान कार्यदलको प्रतिबेदन २०७६) कमजोर भौतिक संरचना, सूचना सञ्चार प्रविधिलाई विद्यालय शिक्षामा भित्राउन नसक्नु, न्यून विद्यार्थी सिकाई उपलव्धि, सस्थागत विद्यालयहरुको कमजोर नियमन र सेवामूलक बनाउन नसक्नु, स्रोतविनाको बढ्दो वित्तिय व्यायभार, बालमैत्री र सिकाईमैत्री वातवरणको कमी, विद्यालय तहमै कम उमेरमा हुने बालविवाह (२० बर्ष अगावै विवाह गर्ने किशोरी ३०.१४%, स्रोत बाल विवाह न्यूनीकरण सम्वन्धी पञ्चवर्षीय रणनीतिक योजना २०७५/२०७६ ( २०७९/२०८०), परम्परागत शिक्षण विधि र मूल्यांकन पद्धति, फितलो अनुगमन मूल्यांकन प्रणालीका कारण अभिभावक, स्यंम् शिक्षक र विद्यार्थीहरुको विश्वास आर्जन गर्न नसक्नु विद्यालय शिक्षाका प्रमुख समस्याहरु रहेका छन ।

# परिच्छेद- एक

## १.१ पृष्ठभूमि :

नगरपालिकाले आ.व २०७७०७८ मा सम्पादन गरेका, सम्पादन गर्न नसकेका , सम्पादनको क्रममा भोगेको चुनौती र गरेका अभ्यासहरुलाई समेटेर यो स्थीति प्रतिवेदन तयार गरिएको छ । गत आ.व को बास्तवीकता झल्कने गरी तयार गरिएको यो प्रतिवेदनले आगामी बर्षको कार्यक्रम कार्यन्वयनका लागि समेत मार्गदर्शन प्रदान गर्नेछ । सघींय, प्रदेशिक तथा स्थानीय सरकारका बार्षिक कार्यक्रमहरुको समन्वय, एकीकरण र तादम्यताका लागि समेत स्थीति प्रतिवेदन कामयावी वन्ने देखिन्छ । जम्मा ५ परिच्छेदमा विभक्त यस प्रतिवेदनले स्थीति प्रतिवेदनको शैदान्तिक कार्यढाँचा नगरपालिकाको समग्र वर्तमान शैक्षिक अवस्थाको विश्लेषण , कार्यक्रम कार्यन्वयनको भौतिक तथा वित्तिय प्रगतिको अवस्था र असल अभ्यास, प्रमुख उपलब्धि, चुनौती तथा समाधानका उपायहरूलाई समेत समेटेर तयार पारिएको छ।

## १.२ स्थति प्रतिवेदनको उद्देश्य :

यस स्थीति प्रतिवेदन तयार पार्नुका प्रमुख उद्धेश्यहरु निम्नानुसार रहेका छन ।

- आ.व २०७७०७८ को बार्षिक कार्यक्रमहरुको प्रगति अवस्था बारेमा जानकारी गराउने,
- तीनै तहका सरकारवाट सञ्चालन गरिने विभिन्न कार्यक्रमहरुका वीचमा समन्वय कायम गर्ने,
- वीगतको कार्यक्रम सञ्चालनबाट भोगेका समस्या र सिकेका पाठहरुलाई आगमी बर्षको कार्यक्रम कार्यन्वयन कार्ययोजनामा समाविष्टका लागि मार्गदर्शन गर्ने,
- कार्यप्रगतिको अभिलेखिकरण तथा सम्वन्धित निकायहरुमा संम्प्रेषण गर्ने ।

## १.३ स्थिति प्रतिवेदन निर्माण प्रक्रिया :

- शिक्षा तथा मानव स्रोत विकास केन्द्रको ढाँचा अध्ययन र निर्माणका लागि समिति गठन,
- उपसचिवको संयोजकत्वमा, शिक्षा अधिकृत, लेखा शाखा प्रमुख सदस्य रहेको समितिले स्थीति प्रतिवेदन तयारीका लागि आवश्यक डकुमेन्टहरुको तयारी,
- प्रतिवेदनको डाफ्ट तयारी,
- ड्राफ्टमाथि छलफल, विवरण रुजु तथा एकीन
- स्थीति प्रतिवेदनको अन्तिमिकरण र सम्वन्धित निकायमा संम्प्रेष्ण ।

## १.४ स्थिति प्रतिवेदन तयारीका क्रममा प्रयोगमा ल्याइएका दस्तावेजहरू :

स्थीति प्रतिवेदन बर्षभरीमा सम्पादन गरेका कार्यहरुको शार नै हो । वित्तिय र भौतिक प्रगतिका अतिरिक्त अधिकाशं बजेट खर्च गर्ने एकाई भनेका विद्यालयहरु भएकोले विद्यालय तहसम्मका गतिविधिहरुलाई समेत सुक्ष्म मूल्यांकन गर्न जरुरी देखिन्छ । विद्यालयको सामाजिक लेखापरीक्षण, अन्तिम लेखापरीक्षणको प्रतिवेदन, स्थलगत अनुगमनका क्रममा प्राप्त भएका विवरण तथा प्रतिवेदनहरु, विद्यालय सुधार योजना, वडा

शिक्षा योजना, नगर शिक्षा योजना र शिक्षा विकास योजनासमेतलाई यो स्थीति प्रतिवेदन तयार गर्दा दिशावोध गर्ने डकुमेन्टको रुपमा आधार लिइएको छ । तथ्यांक प्रणाली पूर्णत इमिस प्रणालीलाई आधार मानिएको छ । वित्तिय रुपमा क्गत्च्ब बाट प्राप्त प्रतिवेदनलाई आधार बनाइएको छ । सघींय तथा प्रदेशिक सरकारका कार्यक्रम, कार्यक्रम कार्यन्वयन पुस्तिका र समय समयमा प्राप्त निर्देशन तथा सहजीकरणलाई समेत मध्यजनर गरी कार्यक्रम कार्यन्वयन र स्थीति प्रतिवेदन तयारीको आधारका रुपमा लिइएको छ ।

# परिच्छेद २

## गुणस्तरीय शिक्षा र शैक्षिक हवको हाम्रो सोच

२.१ परिचय :

क) गुणस्तरीय शिक्षा :

गुणस्तरीय शिक्षाका विषयमा बहस हुन थालेको लामो समय भएको छ । गुणस्तरीय शिक्षा के हो ? कस्तो शिक्षालाई गुणस्तरीय शिक्षा मान्ने भन्ने सन्दर्भमा शिक्षाविद्हरुका वीचमा नै फरक फरक मतहरु भेटिन्छन । युनेस्कोले गुणस्तरीय शिक्षालाई जान्नका लागि शिक्षा (**Learning to Know**), हुनका लागि शिक्षा (**Learning to Be**), गर्नका लागि शिक्षा (**Learning to Do** ), सँगै बाच्नका लागि शिक्षा (**Learning to live Together**) लाई गुणस्तरीय शिक्षाका चार स्तम्भ( **PIllors**) को रुपमा अर्थाएको पाइन्छ ।

शैक्षिक गुणस्तर सापेक्षतामा व्याख्या र विश्लेषण हुने विश्वव्यापी प्रचलनमा हाम्रो सन्दर्भमा गुणस्तरीय शिक्षा अन्तर्गत देहायका पक्षहरुलाई समेटिएको छ ।




ख) शैक्षिक हव :

नगरक्षेत्रका शैक्षिक संस्थाहरुलाई गुणस्तरीय शिक्षा प्रदायक **Center of excellent**का रुपमा विकास गरी नगर क्षेत्र तथा बाहिरका विद्यार्थी र आम अभिभावकहरुको पहिलो रोजाईको केन्द्र बनाउने सँग शैक्षिक हवलाई परिभाषित गरिएको छ । मुलुकको समृद्धि र समुन्नतीका लागि आवश्यक पर्ने सबै प्रकारको दक्ष जनशक्ति उत्पादन गर्ने सस्थाहरुको सञ्चालन र व्यवस्थापनमा शैक्षिक सुशासन कायम भएको हुनेछ । साधरण शिक्षा, प्राविधिक शिक्षा र सीपमुलक तालिमलाई एकीकृत र समन्वयत्मक ढँगले अघि वढाउदै रोल्पा नगरपालिका शिक्षाको लागि सबैको आर्कषणको केन्द्र बनाउने तर्फ शैक्षिक हव केन्द्रित रहनेछ ।

२.२ सूचकहरु :

| शैक्षिक गुणस्तर (**Quality Education**) | शैक्षिक हव (**Educational Hub**) |
|---|---|
| क) विद्यार्थीहरुको सिकाई उपलब्धि | क) बालबालिकाहरुको विद्यालयमा भर्ना र टिकाउदर |
| ख) बालमैत्री र प्रविधिजन्य शिक्षण सिकाई | ख) गुणस्तरीय शिक्षा प्रदायक शैक्षिक संस्थाहरु |
| ग) विद्यालयहरुको स्रोत साधनको सम्पन्नता | ग) गुणस्तरीय शिक्षा |
| घ) शिक्षकको योग्यता र कार्यदक्षता | घ) अभिभावक र विद्यार्थीहरुको शैक्षिक आर्कषण |
| ङ) उत्पादित जनशक्तिको श्रम बजार प्रवेश | |
| च) अभिभावक र विद्यार्थीहरुको सन्तुष्टि र खुसी | |

## २.३ रोल्पा नगरपालिकाको शिक्षा नीति

- "दक्ष शिक्षक गुणस्तरीय शिक्षा, समृद्ध र समुन्नत रोल्पा नगरपालिका हाम्रो इच्छा" भन्ने आर्दश बाक्यका साथ आगामी ५ बर्षलाई सामुदायिक विद्यालय सुधार अभियानको रुपमा सञ्चालन गरिनेछ, यो कार्यमा सघींय सरकारको सामुदायिक विद्यालय सुधार दशकका नीति, कार्यक्रम र कार्ययोजना तथा प्रदेश सरकारका शैक्षिक सुधारका कार्यक्रमसँग समन्वय र सहकार्य गरिनेछ ।
- नगरपालिकाको समग्र शैक्षिक गुणस्तर उन्नयनका लागि आगामी बर्ष भित्र नगर शिक्षा योजना लाई सरोकारवालाहरुको वीचमा पुर्‍याई रोल्पा नगरपालिकालाई शैक्षिक हव (Educatioal Hub) बनाउने दिशामा नतिजामुखी ढँगले कार्यन्वयनमा अघि वढिनेछ, मानव संसाधन प्रक्षेपणका आधारमा शिक्षालाई सीपविकास, श्रमलाई सम्मान गर्ने, आयआर्जन र रोजगारीसग आवद्ध गर्ने गरी प्राविधिक शिक्षाका नयाँ कार्यक्रमहरु विस्तारमा जोड दिइनेछ । प्राविधिक शिक्षा छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता दिदै यसलाई अझ लक्षित समूह केन्द्रित, माग र श्रम बजारको आवश्यकतामा आधारित बनाउदै लगिनेछ । छात्रवृत्ति सुविधामा प्राविधिक शिक्षा अध्ययन पुरा गरेकाहरुलाई सामाजिक उत्तरदायित्व अभिवृद्धि गर्न नगर क्षेत्रमा योगदानका लागि मापदण्ड तयार गरिनेछ ।
- वडा शिक्षा योजना अनुरुप सामुदायिक विद्यालयहरुलाई र वडा शिक्षा समितिसँगको समन्वयमा नक्सांकन तथा पुर्नवितरण गरिनेछ । नगरपालिकाको प्रत्येक वडामा कम्तिमा एक विद्यालयलाई नमूना विद्यालयको रुपमा विकास गर्ने गरी  आगामी बजेट केन्द्रित गरिनेछ । विद्यालयहरुमा न्यून शिक्षक दरवन्दीलाई मध्यनजर गरी शैंक्षिक गुणस्तर सुधारका लागि विद्यालयहरुलाई प्रदान गर्दै आएको स्यंम सेवक शिक्षक परिचालन कार्यलाई यो बर्ष पनि निरन्तरता दिइनेछ ।
- संस्थागत विद्यायलहरुको वर्गिकरण, शुल्क निर्धारण,छात्रवृत्ति वितरण, सवारी साधन व्यवस्थापन जस्ता कार्यहरुलाई नियमन र व्यवस्थापन मार्फत नाफामूलकभन्दा पनि सेवामूलक बनाउन संस्थागत विद्यालय न्यूनतम मापदण्ड निर्देशिकाले तोकेका आधारमा संस्थागत विद्यालयहरुसँग समन्वय र सहकार्य अघि वढाइनेछ

। नगरक्षेत्रका सामुदायिक र संस्थागत विद्यालयहरुका वीचमा असल अभ्यासहरु Best practiceको अवलम्वन, साझेदारी र समन्वय गरिनेछ ।

- विद्यार्थीहरुलाई विद्यालयको शैद्धान्तिक शिक्षासँगै श्रम र उत्पादनसँग आवद्ध गर्न, श्रमप्रति सकारात्मक सोचको विकास गर्न, कृषि उत्पादनका नविनतम प्रविधिवारे जानकारी दिन पेशा व्यवसाय र प्रविधि अध्ययापन हुने आधारभूत र मावि तहका विद्यालयहरुलाई विद्यालय करेसावारी र बगैचा कार्यक्रमको सुरुवाती गरिनेछ । यसै बर्षदेखि स्थानीय पाठ्यक्रम कक्षा (१-३) लाई परीक्षणमा लैजानुका साथै आगामी बर्ष कक्षा (४-५) को पाठ्यक्रम निर्माण कार्य अघि वढाइनेछ ।
- प्रधानाध्यापकहरुसँग कार्यसम्पादन करार सम्झौता गरिनेछ, नतिजामूलक कार्यसम्पादन सम्झौंताका आधारमा कार्यसम्पादन र प्राप्त नतिजाका आधारमा विषयगत शिक्षक, प्रधानाध्यापक र विद्यालयहरुलाई Performance Based Grants सूरुवात गरिनेछ । शिक्षक तथा कर्मचारीहरुको तलव भत्ता मासिक रुपमा बैंक मार्फत भुक्तानीका लागि पहल गरिनेछ । न्यून पारिश्रमिकका कार्यरत निजी शिक्षक, विद्यालय कर्मचारी र बालविकास शिक्षकहरुको मनोवल बढाउन गैर-मैद्रिक उत्प्रेरणाका कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछ ।
- नगर क्षेत्रमा रहेका सामुदायिक सिकाई केन्द्रलाई क्रियाशिल बनाइनेछ, यस्ता सिकाई केन्द्रलाई अभिभावक शिक्षा, सामुदायिक सचेतीकरण र निरन्तर शिक्षाका कार्यक्रमहरु सञ्चालनमा परिचालन गरिनेछ । सामुदायिक सिकाई केन्द्रलाई अगुवा विद्यालय र वडा कार्यालय प्रति उत्तरदायी वनाइनेछ । यस्ता केन्द्रहरुलाई सूचना केन्द्रको रुपमा विकास गर्न कम्प्युटर, निःशुल्क इन्टरनेट र पुस्तकालयको व्यवस्था गरिनेछ ।
- हालसम्म विद्यालयमा  भर्ना नभएका, कोरोना (Covid -19) प्रभावित, गरिव, विपन्न, द्धन्दपिडित, शहिद परिवार, लगायतका लक्षित समूहका बालबालिकाहरुलाई आगामी बर्षभित्र विद्यालयमा भर्ना गरी अनिवार्य आधारभूत शिक्षाको प्रत्याभूत गराइनेछ, नगरक्षेत्रमा सञ्चालित फरक क्षमता भएका बालबालिकाहरु अध्ययनरत विद्यालयहरुलाई सवलीकरण गरी बालमैत्री व्यवस्थापन मार्फत बालबालिकाहरुको चौतर्फि विकासमा जोड दिइनेछ ।
- विश्वभरी नै महामारीको रुपमा फैलिएको कोरोना (ऋयखष्म (ज्ञढ) को कारण शैक्षिक क्षेत्रमा परेको क्षतिलाई कमी गर्न हाल सञ्चालनमा रहेको (रेडियो शिक्षा र जुम मिटिङ्ग)बैकल्पिक सिकाई कार्यक्रमलाई अझ क्षेत्र र पहुँच विस्तर गरी विद्यार्थीमैत्री बनाइदै लगिनेछ । शिक्षा क्षेत्रको विपद् प्रतिकार्य योजना निर्माण, विद्यालयमा तत्काल कार्यसञ्चालन गर्न कोरोना सुरक्षा किड्स उपलब्ध गराइनेछ । विद्यार्थीहरुको स्वास्थ्य र पोषण अवस्थामा सुधारका लागि स्वास्थ्य सस्थाहरुसँगको समन्वयमा विद्यार्थीहरुको नियमित स्वास्थ्य परीक्षणको व्यवस्था मिलाउनुको साथै विद्यालयमा जंक फुडको प्रयोगलाई निषेध गरिनेछ ।
- विद्यालयमा सूचना तथा सञ्चार प्रणालीको प्रयोगमा वढवा दिइनेछ, प्राथमिक तहको विद्यालय देखि नै कम्प्युटरको माध्यमले शिक्षण सिकाई गरिनेछ, आगामी बर्षभित्रमा सबै माध्यमिक तहका विद्यालयहरुमा डिजिटल र भर्चुवल कक्षा सञ्चालन गरिनेछ । सामुदायिक विद्यालय र त्यहाँ अध्ययपनरत शिक्षकहरुमा सूचना प्रविधिको प्रयोगलाई वढाउन साझेदारी कार्यक्रम मार्फत अनुदानको व्यवस्था मिलाइनेछ ।

- विद्यालय शिक्षाको जगका रुपमा रहेका बालविकास केन्द्रहरुलाई क्रमश स्तरोन्नती गर्दै लगिनेछ, बालविकास केन्द्रको भौतिक व्यवस्थापन, सामग्री व्यवस्थापन र शिक्षकहरुको क्षमता विकास गर्दै हालसम्म बालविकास केन्द्र नभएका विद्यालयहरुमा यो बर्ष पनि सहायता अनुदानको व्यवस्था मिलाइनेछ, समुदायमा सञ्चालनमा रहेका बालविकास केन्द्रहरुलाई विद्यालयमा आवद्ध गराइ सबैका लागि पोषिलो खाजाको व्यवस्था मिलाइनेछ ।
- कोभिड १९ को महामारीले शिक्षा क्षेत्रमा पारेको प्रभावलाई न्युनीकरण गर्दै शिक्षण सिकाइमा निरन्तरताका लागि बैकल्पिक सिकाईका कार्यक्रमहरु सञ्चालन गरिनेछ । उक्त कार्यमा स्थानीय एफ एम सँगको सहकार्यलाई निरन्तरता प्रदान गरिनेछ ।
- नगरक्षेत्रका विद्यालयहरुको अनुगमन र मूल्यांकनको लागि वडाको अगुवा विद्यालय (Leader to feeder) अनुगमन मोडल अपनाइनेछ, वडा कार्यालय सँगको सहकार्यमा विषयगत रोष्टर, प्रधानाध्यापक र विषयगत विज्ञ शिक्षकहरुको टोली बनाई समूह सुपेरीवेक्षण र पेशागत सहायता प्रदान गरिनेछ । अनुगमन मूल्यांकन प्रणालीलाई सूचकमा आधारित (Indicator based) बनाई सिकाई सुधार र गुणस्तर अभिवृद्धिमा जोड दिइनेछ ।

**२.४ नगरपालिकाले शैक्षिक प्राथमिकतामा राखेको क्षेत्रहरु :**

क) प्रारम्भिक बालविकास तथा आधारभूत शिक्षा

ख) गुणस्तरीय माध्यमिक शिक्षा (साधरण र प्राविधिक)

ग) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम

घ) निरन्तर शिक्षा र जीवनप्रयान्त सिकाई

ड) अन्तर सम्वन्धित मुद्धाहरु

क) शिक्षक व्यवस्थापन र पेशागत विकास

ख) विद्यालय सञ्चालन, व्यवस्थापन र शैक्षिक सुशासन

ग) संस्थागत क्षमता विकास

घ) परीक्षा तथा सीकाई उपलव्धि प्रमाणीकरण

ड) विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको उपयोग

च) विद्यालयमा स्वास्थ्य, पोषण, बालविवाह न्यूनिकरण र अन्तरक्षेत्रगत समन्वयसहकार्य

छ) विपद् जोखिम न्यूनिकरण र विद्यालय सुरक्षा

ज) अनुगमन तथा मूल्यांकन

## २.५ विद्यालय शिक्षा क्षेत्रका प्रमुख समस्याहरु :

गुणस्तरीय शिक्षा प्रदायकको आधारशिलाको रुपमा मानिने सामुदायिक विद्यालयहरु न्यूनतम विषयगत शिक्षक दरवन्दीको अभाव ( प्रावि २०७, निमावि ९२, मावि ४९ उमावि तहमा ३ दरवन्दी आवश्यक रहेको स्रोत शिक्षा तथा मानव स्रोत विकास केन्द्र, दरवन्दी मिलान कार्यदलको प्रतिबेदन २०७६) कमजोर भौतिक संरचना, सूचना सञ्चार प्रविधिलाई विद्यालय शिक्षामा भित्राउन नसक्नु, न्यून विद्यार्थी सिकाई उपलव्धि, सस्थागत विद्यालयहरुको कमजोर नियमन र सेवामूलक बनाउन नसक्नु, स्रोतविनाको बढ्दो वित्तिय व्यायभार, बालमैत्री र सिकाईमैत्री वातवरणको कमी, विद्यालय तहमै कम उमेरमा हुने बालविवाह (२० बर्ष अगावै विवाह गर्ने किशोरी ३०.१४ ५, स्रोत बाल विवाह न्यूनीकरण सम्वन्धी पञ्चवर्षीय रणनीतिक योजना २०७५÷२०७६ ( २०७९÷२०८०), परम्परागत शिक्षण विधि र मूल्यांकन पद्धति, फितलो अनुगमन मूल्यांकन प्रणालीका कारण अभिभावक, स्यंम् शिक्षक र विद्यार्थीहरुको विश्वास आर्जन गर्न नसक्नु विद्यालय शिक्षाका प्रमुख समस्याहरु रहेका छन ।

## २.६ विद्यमान चुनौति र अवसरहरु :

- विद्यार्थी संख्या घट्दै गएका विद्यालयहरुलाई शैक्षिक नक्सांकन गरी पुर्नवितरण गर्नु, विषयगत रुपमा आवश्यकता आकलन बमोजिम विषयगत शिक्षकहरुको प्रवन्ध मिलाउनु, विद्यालयको न्यूनतम भौतिक पूर्वाधार (**Minimum Enabling Condition**) सुनिश्चित गर्नु, २१ औं सताब्दिका विद्यार्थीहरुलाई विश्वप्रतिस्पर्धी बनाउन कक्षाकोठामा सूचना सञ्चार प्राविधि (**Digital learning**) भित्राउनु, बालबालिकाहरुको अग्रेजी, गणित र विज्ञान जस्ता मुख्य विषयहरुको उपलव्धि बढोत्तरी गर्नु, शैक्षिक संस्थाहरुको दिगो वित्तिय स्रोतको व्यवस्थापन गरी शैक्षिक सुशासन कायम गर्ने यस क्षेत्रका प्रमुख चुनौतिहरु रहेका छन ।
- देश सघींय संरचनामा प्रवेशसँगै माध्यमिक तहसम्मको शिक्षा व्यवस्थापनको जिम्मेवारी स्थानीय सरकारको कार्यक्षेत्रमा रहनु, स्थानीय सरकारको प्राथमिकता प्राप्त क्षेत्रमा शिक्षा अग्रस्थानमा रहनु, प्रदेश तथा सघींय सरकारको समन्वय र सहयोगको क्षेत्र कायमै रहनु, विद्यालय भर्नादर, साक्षरता, लैगिंक समता सूचक, शिक्षामा समावेशीकरण जस्ता पक्षहरुमा उत्साहजनक सुधार हुनका साथै सामुदायिक विद्यालय सुधार प्रतिको चासो र जनअपेक्षा बढ्दै जानु यस क्षेत्रको सुधारको दिशातर्फ देखिने अवसरहरु हुन ।

## परिच्छेद :३

# शिक्षाको बर्तमान अवस्था र हाम्रो लक्ष्य

**३.१ परिचय** :रोल्पा नगरपालिकालाई उत्कृष्ट "शैक्षिक हव" बनाउने चुनावी घोषणापत्रलाई कार्यरुप दिन, नगरसभाले पारित गरेका शिक्षाको नीतिका आधारमा शिक्षा क्षेत्रका सरोकारवालाहरुको प्रत्यक्ष सहभागितामा पाँच बार्षिय नगर शिक्षा योजना तर्जुमा गरिएको छ । विद्यालय तहका नियमित शैक्षिक कार्यक्रमका अतिरिक्त निरन्तर शिक्षा, विशेष शिक्षा, प्राविधिक शिक्षालय, कृषि क्याम्पस, शिक्षाका अन्तरसम्वन्धित मुद्धाहरु, विपद् व्यवस्थापन सँगै समग्र शिक्षाको सुशासन र व्यवस्थापनका पाटोलाई समेटेर तयार पारिएको योजनाका आधारमा रोल्पा नगरपालिकाका सम्रग शैक्षिक गतिविधिहरु अगाडि बढिरहेका छन ।

**३.२ शिक्षाको बर्तमान अवस्था** : रोल्पा नगरपालिकाको शिक्षाको संरचनागत अवस्था देहायवमोजिम रहेको छ ।

<table>
<tr><td>सि.न</td><td>शैक्षिक संस्था</td><td colspan="5">वर्तमान अवस्था</td><td>कैफियत</td></tr>
<tr><td rowspan="2">१</td><td rowspan="2">विद्यालय संख्या</td><td colspan="2">सामुदायिक</td><td colspan="2">संस्थागत</td><td>जम्मा</td><td rowspan="2"></td></tr>
<tr><td colspan="2">६६</td><td colspan="2">७</td><td>७३</td></tr>
<tr><td rowspan="2">२</td><td rowspan="2">बालविकास संख्या</td><td colspan="2">विद्यालयमा</td><td colspan="2">समुदायमा</td><td>जम्मा</td><td rowspan="2"></td></tr>
<tr><td colspan="2">५९</td><td colspan="2">६</td><td>६५</td></tr>
<tr><td rowspan="2">३</td><td rowspan="2">शिक्षक दरवन्दी</td><td>प्रावि</td><td>निमावि</td><td>मावि</td><td>उमावि</td><td>जम्मा</td><td rowspan="2"></td></tr>
<tr><td>१६२</td><td>३४</td><td>१५</td><td>६</td><td>२१७</td></tr>
<tr><td>४</td><td>प्राविधिक शिक्षालय</td><td colspan="5">रोल्पा प्राविधिक शिक्षालय, मेवाङ्ग (वालीविज्ञान ,पशुविज्ञान र सूचना प्रविधिमा डिप्लोमासम्म)</td><td></td></tr>
<tr><td>५</td><td>प्राविधिक धारको विद्यालय</td><td colspan="5">बालकल्याण नमूना मावि (एनेक्स कार्यक्रम) डिप्लोमा तहसम्म सिभिल इन्जिनियरिङ्ग</td><td></td></tr>
<tr><td rowspan="2">६</td><td rowspan="2">क्याम्पस</td><td colspan="3">साधारण तर्फ</td><td>प्राविधिक तर्फ</td><td>जम्मा</td><td rowspan="2"></td></tr>
<tr><td colspan="3">जलजला बहुमुखी क्याम्पस(शिक्षा, मानविकी) स्नातक तहसम्म</td><td>प्राकृतिक स्रोत व्यवस्थापन कलेज माडिचौर (विएस्सीएजी)</td><td>२</td></tr>
<tr><td rowspan="2">७<br>८</td><td rowspan="2">विद्यार्थी संख्या</td><td>दलित</td><td>जनजाति</td><td>अपाङ्ग</td><td>अन्य</td><td>जम्मा</td><td rowspan="2"></td></tr>
<tr><td>२२९७</td><td>५४५८</td><td>११८</td><td>३७५</td><td>११६३२</td></tr>
</table>

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | ९ | | |
| ९ | सामुदायिक सिकाई केन्द्र | ६ | | | | | |
| १० | विद्यालय कर्मचारी | ९ | | | | | |
| ११ | विद्यालय सहयोगी | ६६ | | | | | |

**३.३ सूचकगत रुपमा शिक्षाको बर्तमान अवस्था र पाँच बर्षपछिको अपेक्षीत उपलब्धिको प्रक्षेपण :**

| सि नं | सूचक | वर्तमान अवस्था | | | लक्ष्य निर्धारण | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | राष्ट्रिय | प्रदेश | नगर | तेस्रो बर्षको लक्ष्य | आगामी ५ बर्षको लक्ष्य | |
| १ | खुद भर्नादर (न्भ्च० आधारभूत तह कक्षा (१–५) | ९७.१ | ९६.५ | ९७.६ | ९८.० | १०० | |
| २ | बालविकास कक्षाको अनुभवसहित कक्षा १ मा भर्ना हुने विद्यार्थीहरुको प्रतिशत | | | | | | |
| २ | खुद भर्नादर (**GER**) आधारभूत तह कक्षा (६–८) | ८९.७ | ९०.५ | ८६.५ | ८८.० | ९०.० | |
| ३ | खुद भर्नादर (**GER**) माध्यमिक तह कक्षा (९–१२) | ४७.६ | ४४.८ | ३७.४ | ४०.० | ४५.० | |
| ४ | कक्षागत सिकाइ | कक्षा ३ | ५८.७ | | ६३.० | ६५.० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | उपलब्धि विवरण | कक्षा ५ | ५४.१ | ६०.० | ६५.० | |
| | | कक्षा ८ | ३८.३ | ४४.० | ५०.० | |
| ५ | मुख्य विषयहरुको सिकाइ उपलब्धिको अवस्था | | | | | |
| | कक्षा ३ | | | | | |
| | अंग्रेजी | ५२.१ | | | ५५.५ | ६०.०० |
| | गणित | ४४.८ | | | ५२.० | ६०.० |
| | विज्ञान | ४७.९ | | | ५४.० | ६०.० |
| | कक्षा ५ | | | | | |
| | अंग्रेजी | ४९.७ | | | ५४.० | ६०.० |
| | गणित | ४५.६ | | | ५०.० | ५५.० |
| | विज्ञान | ४२.१ | | | ५०.० | ५६.० |
| | कक्षा ८ | | | | | |
| | अंग्रेजी | ४८.२ | | | ५२.० | ६०.० |
| | गणित | ४१.१ | | | ४५.० | ५०.० |
| | विज्ञान | ४४.२ | | | ५०.० | ५५.० |
| | एसइइ परीक्षामा उच्च जीपीए (३.२ -४.२ ) हासिल गर्ने विद्यार्थी प्रतिशत | ३.८ | - | ० | १.० | |
| ६ | कक्षा दोहोराउने दर (१–५) | ७.६ | ८.७ | ११.१ | ५.० | |
| ७ | कक्षा छाड्ने दर (१–५) | ४.३ | ४.२ | ५.४ | ३.० | |
| ८ | विद्यालय बाहिर रहेका उमेर समूहका बालवालिका | २.९ | ६.७ | २.७ | ० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ९ | अध्ययनका लागि अन्यत्र जाने विद्यार्थी (मावि कक्षा ११ र १२ सहित) | ६.४३ | | | ५.० | |
| १० | अन्य पालिकावाट अध्ययनको लागि नगरपालिकामा आउने | १३.८२ | | | १५.० | |
| ११ | शिक्षक विद्यार्थी अनुपात क्त्च आधारभूत तह | २४ | २८ | ४१.२८ | ४०.० | |
| १२ | लैगिंक अनुपात आधारभूत | | १.०४ | ०.९८ | १.० | |
| १३ | कम्प्युटर र स्माट बोर्डको माध्यमले सिकाई सुविधा प्राप्त विद्यार्थी प्रतिशत | १२.४१ | - | २१.२३ | ४०.० | |
| १४ | इन्टरनेट सुविधा पुगेका विद्यालय | २८.२७ | १७.३ | १५.०६ | २५.० | |
| १५ | साक्षरता (१५–२४) बर्ष | ८८.६ | ७६.४ | ९६+ | १०० | |
| १६ | शिक्षा क्षेत्रको बजेट | ११.७ | | २४.२ | २८ | |

स्रोत : आर्थिक सर्वेक्षण २०७६/२०७६ अर्थ मन्त्रालय, लुम्बिनी प्रदेशको वस्तुस्थिति विवरण र शिक्षाको स्थिति प्रतिबेदन रोल्पा नगरपालिका २०७६

**नोट : नगरपालिकाको विद्यार्थी संख्या, दरवन्दी विवरण लगायतका अन्य तथ्यांकिय विवरणहरु यहाँ राख्न नसकिएकोले अनुसूचिमा राखिएको छ ।**

परिच्छेद :४

## कार्यक्रम कार्यन्वयनको प्रगति अवस्था

**४.१ परिचय :** नेपालको संविधानले तीन तहको साशकिय व्यवस्था, तीनै तहका सरकारहरुकावीचमा समन्वय, सहकार्य र सहअस्थित्वका आधारमा मुलुकमा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा राखेको छ । संविधानको अनुसूचि ८ मा आधारभूत तथा माध्यमिक तहसम्मको शिक्षाको अधिकार स्थानीय सरकारलाई तोकिएको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय तहलाई प्राप्त शिक्षा सम्वन्धी अधिकारलाई नीति निर्माण, मापदण्ड तयार, सञ्चालन, व्यवस्थापन र नियमनका क्षेत्रमा जवाफदेहि बनाउदै शैक्षिक सुशासन कायम गर्ने उद्धेश्य राखेको छ । शिक्षाको विकास र गुणस्तर अभिवृद्धिका लागि सघीय सरकारका शसर्त र विशेष अनुदान प्रदेश सरकार तथा स्थानीय सरकारका कार्यक्रमहरुका वीचमा उचित समन्वय र एकीकरणको आवश्यकता रहन्छ । आ. व २०७७ ०७८ को प्रगति विवरणको अवस्था देहायवमोजिम प्रस्तुत गरिएको छ ।

**४.२ सघींय सरकारवाट प्राप्त कार्यक्रमको प्रगति अवस्था :**

(कार्यक्रम अन्तर्गतको सारसंक्षेपमा प्रगतिको अवस्था)

**रोल्पा नगरपालिका**

**म.ले.प.फा.नं. २७५ कोअनुसूची-७**

आर्थिक बर्ष: २०७७/७८कोबार्षिक विवरणरु हजारमा

| सि.नं. | ब.उ.शि.नं. | कार्यक्रम | विनियोजित कुल रकम | खर्च रकम | वित्तिय प्रगति | बाँकीरकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | ३५०००००१४ | सबैकालागि शिक्षा आधारभूत शिक्षा | ९१४०० | ९०८७३ | 99.42 | ५२७ | |
| २ | ३५०००००१५ | शिक्षकतलब भत्ता (माध्यमिकतह) | १०१०० | १०१०० | 100.00 | ० | |
| ३ | ३५००००८०१ | विद्यालयक्षेत्र विकास कार्यक्रम–जिल्लास्तर | ९१६५४ | ८९५५९ | 97.71 | २०९५ | |
| ४ | ########### | सघिय सरकारवाटहस्तान्तरित कार्यक्रम विशेष अनुदान | १५००० | १२८१८ | 85.45 | २१८२ | |

अनुसूची११

**रोल्पा नगरपालिका**

आर्थिक बर्ष: २०७७/७८ को बार्षिक प्रगति प्रतिवेदन

**सघिय सरकारवाटप्राप्त कार्यक्रमहरुको प्रगति प्रतिवेदन शसर्त तथा विशेष अनुदान**

| सि.नं. | क्रियाकलापनं. | क्रियाकलापकोनाम | विनियोजितकु | खर्च भएको | वित्तियप्रग | भौति | कैफियत |
|---|---|---|---|---|---|---|---|

| | | | ल रकम | रकम | ति | क लक्ष्य | |
|---|---|---|---|---|---|---|---|
| १ | १.१.४.१ | आधारभूततहकास्वीकृत दरबन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागितलब भत्ता अनुदान (विशेष शिक्षा परिषदअन्तरगतकाशिक्षक/कर्मचारीहरु समेत) | ९१४०० | ९०८७३ | ९९ | १९९ | विभागको अभिलेखमा मैजुदा दरवन्दी नमिलेको |
| २ | १.१.३.४ | माध्यमिकतहकास्वीकृत दरबन्दीका शिक्षक, राहत अनुदान शिक्षकलागि तलब भत्ताअनुदान (विशेष शिक्षा परिषदअन्तरगतका शिक्षक/कर्मचारी,प्राविधिक धारका प्रशिक्षक समेत) | १०१०० | १०१०० | १०० | २१ | |
| ४ | १.१.४.१ | प्रारम्भिकबालविकासकेन्द्रका सहजकर्ता पारिश्रमिक तथा विद्यालयकर्मचारी व्यावस्थापन अनुदान | १२४४२ | १२४४२ | १०० | १४० | |
| ५ | २.४.६.१ | प्रतिविद्यार्थीलागतका आधारमा शिक्षणसिकाइसामग्री एवम्कक्षा ८ कोपरीक्षा व्यवस्थापन अनुदान | २६७९ | २६७१ | १०० | १२५०० | |
| ६ | २.७.१३.४ | सार्वजनिकविद्यालयकाविद्यार्थीहरुका लागिनिशुल्क पाठ्यपुस्तक अनुदान | ५०४३ | ५०१७ | ९९ | १२५०० | |
| ७ | ७.२.१.१ | सार्वजनिकविद्यालयमाअध्ययनरत विद्यार्थीहरुका लागि छात्रवृत्ति (आवासीय तथागैरआवासीय) | ३३४६ | ३३४४ | १०० | ४५०० | अपाग ११८गैरअवासिय समेत |
| ८ | २.७.११.१ | विद्यालयसञ्चालनतथा व्यवस्थापन अनुदान | ३५१५ | ३५१५ | १०० | ६६ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ९ | २.७.१३.११ | शैक्षिकपहुँचसुनिश्चितता, अनौपचारिकतथा वैकल्पिक शिक्षा कार्यक्रम (परंपरागतविद्यालय, वैकल्पिकविद्यालय, साक्षरता रनिरन्तर शिक्षाका कार्यक्रम समेत) | १७५२ | १७४० | ९९ | ६ | ६ वटा सासिके |
| १० | २.७.११.१ | तोकिएकाविद्यार्थीको दिवा खाजाका लागिविद्यालयलाईअनुदान | ११०६६ | १०१७४ | ९२ | | |
| ११ | ११.१.२.१ | विद्यालयभौतिकपुर्वाधार निर्माण अनुदान | २५१०२ | २५०१० | १०० | ८ | |
| १२ | २.७.१३.१३ | विद्यालयमाशैक्षिकगुणस्तर सुदृढीकरणएवम्कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | ८५१८ | ८५१८ | १०० | ६६ | |
| १३ | २.७.१३.३३ | राष्टपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत तोकिएका विद्यालयहरुलाइभैतिक तथा शैक्षिक सुधार अनुदान | ५६५० | ५६५० | १०० | ५ | |
| १४ | २.७.१३.३८ | अग्रेजी गणित र बिज्ञान विषयमा सहयोग अनुदान | ४१०४ | ३४५६ | ८४ | ७ | को |
| १५ | २.७.१३.१७ | सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क सेनिटरी प्याडव्यवस्थापन (शैक्षिक कार्यक्रम) | २४०७ | २४०७ | १०० | | |
| १६ | १.१.१.७८ | कोभिड १९ का कारण उत्पन्न परिस्थितिमा सिकाइ सहजिकरणका लागिशैक्षिक कार्यक्रम | ६०३० | ५६१५ | ९३ | ७२ | |
| **ससर्त जम्मा** | | | **१९३१५४** | **१९०५३२** | **९९** | | |
| ८०५५४४०१५१२ | | सघियसरकारवाट हस्तान्तरित कार्यक्रम | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | विशेष अनुदान | | | | | |
| १७ | ११.४.२२.३००४ | बालमन्दिरअधारभूत विद्यालय | ५००० | ४१७० | ८३ | १ | |
| १८ | ११.४.२२.३००३ | जनताअधारभूत विद्यालय | ५००० | ४४७८ | ९० | १ | |
| १९ | ११.४.२२.३००२ | सरस्वतीअधारभूत विद्यालय | ५००० | ४१७० | ८३ | १ | |
| **विशेष जम्मा** | | | **१५०००** | **१२८१८** | **८५** | | |

४.३ **प्रदेश सरकारवाट प्राप्त कार्यक्रमको प्रगति अवस्था :** प्रदेश सरकारवाट नेपाल मावि कोटगाउँलाई प्रदेशिक स्तरको नमूना मावि नगरपालिकाको २० प्रतिशत लगानी साझेदारीमा निर्माण कार्य भैरहेको छ। यो बाहेक ५० हजार रकम वरावरका २ वटा मर्मत, १२ लाखको विपद् अन्तर्गत पुर्ननिर्माण र ४वटा विद्यालयहरुमा घेरावार २ शौचालय निर्माणका कार्यहरु सम्पन्न भएका छन। कार्यक्रमको सम्झौता सोझै विद्यालयसँग हुने र रकम समेत विद्यालयका खातामा निकाशा हुने भएकोले तथ्यगत प्रगति समाविष्ट गर्न सकिएन।

४.४ **नगरपालिकाको कार्यक्रमको प्रगति अवस्था :**

**रोल्पा नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय, रोल्पा**

**कार्यालयको कोड : ८०५५४४०१३००**

**Budget appropriation in accordance with program / project**

रु. हजारमा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| आ.व. : २०७७/७८अवधी :२०७७/०४/०१-२०७८/०३/३१माथिल्लोबजेट उपशीर्षक : रोल्पा नगरपालिका -शिक्षाक्षेत्र : सामाजिक विकासउप क्षेत्र : शिक्षारु. हजारमा | | | | | | | | |
| सि.नं. | संकेत | कार्यक्रम/आयोजना/क्रियाकलापकोनाम | खर्च शीर्षक | स्रोत | विनियोजन | खर्च | खर्च (%) | मौज्दात |
| ८०५५४४०१३०१ रोल्पा नगरपालिका - शिक्षा | | | | | | | | |
| १ | १७ | शिक्षक सहायता अनुदान र स्वयंसेवक शिक्षक परिचालन | २११११ | आन्तरिकश्रोत | ४४,३० | ४४,३० | १००.०० | ० |
| २ | १३ | संस्थागत क्षमता विकास | २२५१२ | राजस्वबाँडफाँड - संघीय सरकार | १,०० | ९४ | ९४.९० | ५ |
| ३ | ८ | क्षमता विकास कार्यक्रम | २२५१२ | नेपालसरकार - समानिकरण | ६,०० | ४,८४ | ८०.८२ | १,१५ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | अनुदान | | | | |
| ४ | ६ | Nasa टुलमा आधारित उपलब्धी परीक्षण | २२५२२ | नेपालसरकार - समानिकरण अनुदान | २,०० | २,०० | १००.०० | ० |
| ५ | १ | पहुँच | २२५२२ | नेपालसरकार - समानिकरण अनुदान | १,५० | ० | ०.०० | १,५० |
| ६ | ११ | विद्यालयमा सूचना र प्रविधि साझेदारी कार्यक्रम | २२५२२ | राजस्वबाँडफाँड - संघीय सरकार | १०,०० | ९,६४ | ९६.४५ | ३५ |
| ७ | १० | नगर शिक्षा योजना र स्थानीय पाठ्यक्रम विकास प्रकाशन रप्रवोधिकरण | २२५२२ | राजस्वबाँडफाँड - संघीय सरकार | २,७० | २,३५ | ८७.२४ | ३४ |
| ८ | ४ | प्रश्न बैक निर्माण कक्षा ५ र ८ | २२५२२ | राजस्वबाँडफाँड - संघीय सरकार | २,५० | २,३१ | ९२.६८ | १८ |
| ९ | १९ | अनुगमन र पेशाग सहायता प्रदान | २२५२२ | आन्तरिकश्रोत | १,५० | १,४१ | ९४.२४ | ८ |
| १० | १५ | अनिवार्य तथा निशुल्क शिक्षाको कार्यन्वयन | २२५२२ | राजस्वबाँडफाँड - संघीय सरकार | ५,०० | ० | ०.०० | ५,०० |
| ११ | १८ | विपद प्रतिकार्य योजना तथा कोरोना विशेष कार्यक्रम | २२५२२ | आन्तरिकश्रोत | ४,०० | ० | ०.०० | ४,०० |
| १२ | २ | नतिजा सुधार | २२५२२ | नेपालसरकार - समानिकरण अनुदान | १,५० | १,४९ | ९९.७७ | ० |
| १३ | ७ | विद्यार्थि प्रतिभा पहिचान कार्यक्रम | २२५२२ | नेपालसरकार - समानिकरण अनुदान | ३,०० | १,९० | ६३.३३ | १,१० |
| १४ | १६ | विभिन्न दिवस समारोह व्यवस्थापन खर्च | २२५२२ | राजस्वबाँडफाँड - संघीय सरकार | ८० | ८० | १००.०० | ० |
| १५ | १६ | विभिन्न दिवस समारोह व्यवस्थापन खर्च | २२५२२ | आन्तरिकश्रोत | २० | १० | ५०.०० | १० |
| १६ | ९ | शैक्षिक अन्तरक्रिया तथा सकारात्मक सोच विकास कार्यक्रम | २२५२२ | राजस्वबाँडफाँड - संघीय सरकार | १,०० | ० | ०.०० | १,०० |
| १७ | ३ | प्रणाली विकास र सुधार | २२५२२ | नेपालसरकार - समानिकरण अनुदान | ३,०० | २,२५ | ७५.१७ | ७४ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १८ | ५ | परिक्षा सन्चालन व्यवस्थापन तथा प्रमाणीकरण | २२५२२ | नेपालसरकार - समानिकरण अनुदान | ८,०० | ६,०८ | ७६.०५ | १,९१ |
| १९ | १४ | अन्तरसम्बन्धित मुद्दाहरु | २२५२२ | राजस्वबाँडफाँड - संघीय सरकार | १,०० | १,०० | १००.०० | ० |
| २० | १२ | सुशासन तथा व्यवस्थापन | २२५२२ | राजस्वबाँडफाँड - संघीय सरकार | १,०० | ३८ | ३८.५४ | ६१ |
| कुलजम्मा | | | | | १,००,०० | ८१,८५ | ८१.८५ | १८,१४ |

**४.५अन्य सघं संस्थाहरुसँगको समन्वय र सहकार्य :** नगरक्षेत्रमा केहि समयपहिला वडा नं ५ वाहेकका अन्य वडाहरुमा सेभ र चिल्डेनले बालविकास तथा प्राथमिक तहमा शैक्षिक सामग्री वितरण, क्षमता विकास लगायतका कार्यहरु गर्दै आइरहेकोमा हाल उक्त संस्था फेज आउट भैसकेको छ । युनिसेफ सँग नगर शिक्षा योजनाको अनिवार्य शिक्षा कम्पोनेन्टमा साझेदारीका लागि प्रयास भैरहेको छ ।

# परिच्छेद-५

## असल अभ्यास , प्रमुख उपलब्धि, चुनौती तथा समाधानका उपायहरू

### ५.१ असल अभ्यासहरु

**क) निशुल्क प्राविधिक शिक्षा** :बर्षेनी गरिव, विपन्न, दलित द्वन्दप्रभावित, शहिद, घाइते तथा जनयुद्धका प्रभावितहरुका लागि १०० जनालाई निःशुल्क प्राविधिक शिक्षा कार्यक्रम सञ्चालन गरिएको छ । कृषि, पशुविज्ञान, फुड तथा डेरी टेक्नोलोजी, बनविज्ञान, स्टापनर्श, आयुवेर्द लगायतका विषयहरुमा नगर क्षेत्रमा सीपयुक्त प्राविधक जनशक्ति उत्पादन हुन थालेका छन। एक घर एक रोजगारको नीतिलाई प्राविधिक शिक्षा र दक्ष मानव संसाधन विकाससँग तादम्यीकरण गर्न खोजीएको छ ।

**ख) नगर शिक्षा योजना निर्माण र कार्यन्वयन** : रोल्पा नगरपलिकालाई शैक्षिक हव बनाउने चुनावी घोषणापत्रलाई कार्यरुपमा उर्तान रोल्पा नगरपालिकाको ५ बर्षे नगर शिक्षा योजना र १० बर्षे शिक्षा विकास योजना तर्जुमा भई कार्यन्वयनमा रहेको छ । सवै वडाहरुमा वडा शिक्षा समिति गठन भई वडा शिक्षा योजना निर्माण र कार्यन्वयन भैरहेको छ । नगर शिक्षा ऐन, नियमावली, नगरस्तरीय परीक्षा सञ्चालन तथा व्यवस्थापन कार्यविधि लगायतका दर्जनै शिक्षासम्वन्धी ऐन, कानुनहरुको तर्जुमा भै शैक्षिक सुशासन कायम गरिएको छ ।

**ग) स्थानीय पाठ्यक्रम निर्माण र कार्यन्वयनः** हाम्रो रोल्पा नगरपालिका भन्ने स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यन्वयनमा ल्याइएको छ । रोल्पा नगरपालिकाका ऐतिहासिक, पुरातत्विक, व्यापारिक, शासन पद्धति र विपद् व्यवस्थापन जस्ता मुख्य दशवटा थेमिटिक च्यापटरमा रहेको यो पाठ्यक्रम नगरको मौलिकता बोकेको दस्तावेज बनेको छ ।

**घ) कार्यसम्पादन करार सम्झौता** :नगर क्षेत्रभित्रका सवै प्रधानाध्यापकहरुलाई नतिजामा आधारित कार्यसम्पादन करार सम्झौंता गरिएको छ । नगर प्रमुख, वडा अध्यक्ष सहित गरिएको उक्त सम्झौंताले प्रधानध्यापकलाई समग्र विद्यालयको प्रगति र विषय शिक्षकहरुलाई अध्ययपन गराउने विषयको शैक्षिक उपलब्धि (नतिजा) प्रति जवाफदेहि वनाउन खोजिएको छ । शिक्षकहरुको कार्यसप्पादन कै आधारमा मौद्रिक तथा गैरमौद्रिक उत्प्रेरणाका कार्यक्रमहरु आवद्धिकरण गरिएको छ ।

**ङ.) नतिजा सुधार योजना र समूह सुपरीवेक्षण** :नगरक्षेत्रका अनुभवी र नवप्रवेशी शिक्षकहरुको समेत सहभागितामा विषयगत समिति निर्माण, नतिजा समीक्षा, विद्यालयका विषयगत शिक्षकहरुसँग अन्तरक्रिया, नतिजाको विश्लेषण, सुधारको कार्ययोजना निर्माण लगायतका कार्यहरु मार्फत गणित , विज्ञान र अग्रेजीका

अतिरिक्त अन्य विषयहरुमा बालवालिकाहरुको सिकाइउपलब्धि बढोत्तरीका लागि कार्यहरु भैरहेका छन । विषयगत शिक्षकहरुको सहभागितामा कक्षाकोठा केन्द्रित सुपरीवेक्षण तथा तत्काल पृष्ठपोषण प्रणालीको विकास गरिएको छ । शिक्षक पेशागत सहायता प्रणालीलाई मागमा आधारित बनाउदै लगिएको छ ।

**५.२भोगेका समस्या तथा हाम्रो अपेक्षा :** हाम्रो सघींयताको मोडल नै समन्वय र सहकार्यमा अडिएकोले अवको शिक्षाको विकासमा तीनै तहका जोडवलको आवश्यकता जरुरी देखिन्छ । त्यसैले नागरिकसँग दिनहुँ जोडिने फन्टलाइनको सरकारको हैसिएतले स्थानीय सरकार प्रदेशिक तथा सघींय सरकारबाट देहाएका अपेक्षा गर्दछ ।

**क) शिक्षा ऐन तथा नियमावली समयमै जारी गर्ने** :सघंले शिक्षा ऐन नियमावली समयमै नवनाइदिदा स्थानीय तहले कामचलाउ कानुन बनाएको छ । शिक्षकको सरुवा, बृत्ति प्रणाली, प्रधानाध्यापकको नियुक्ति लगायतका शैक्षिक प्रशासनका तमाम विषयमा अन्यौल सृजना भएको छ । केहि छिटफुट गरिएका कार्यहरु विवादित र अदालतमा जादाँ कार्यउत्साह र जागँर छैन । पटक पटक निर्देशन जारी गर्नुको साटो समयमै कानुन बनेमा कार्यस्थलमा कार्य सञ्चालका लागि सजिलो हुने देखिन्छ ।

**ख) दरवन्दी तथा शिक्षक सहायता** : सघंले आवश्यकता एकिन गरेका दरवन्दीहरु यथासक्य छिटो उपलब्ध गराउने : नगरक्षेत्रमा झण्डै ४०० दरवन्दी अपुग भएको शिक्षा विभागकै प्रतिवेदनले देखाउछ । दरवन्दी मिलान शहरी क्षेत्रमा भएपनि हाम्रो जस्तो दुर्गम स्थानमा दरवन्दी उपलव्ध नहुन्जेल शैक्षिक क्षतिपूर्तिका रुपमा थप अनुदान उपलब्ध गराउन आवश्यक देखिन्छ ।

**ग) कार्यक्रम कार्यन्वयनको मोडालिटि सम्वन्धमा** :मुलुक सघींयतामा प्रवेश गरेपछिपनि कार्यशैली पुरानै देखिन्छ । मुलत प्रदेश तहले टिउसन पढाउने, ५० हजारका टुक्रे विद्यालय मर्मतका कार्यक्रम वितरण गर्ने गर्दा कार्यक्रममा सञ्चालन खर्च उपलब्धि भन्दा वढि देखियो। तीन पटक सामाजिक विकास डिभिजन र प्रदेश निर्देशनालयमा विद्यालय धाउनुभन्दा भौतिकका कार्यक्रमहरुमा तीनै तहको सहकार्य गरी सकेसम्म समय र प्रकृया छोटो उपलब्धि वढाउन समन्वयको जरुरी देखियो ।